जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१  अंक १३७  २०७८ साल पुस १२ गते सोमबार (27 Dec. 2021 Monday)  मूल्य रु. ५/-

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोरोना महामारी : अनिच्छुक... ३ पृष्ठमा : रातारात राष्ट्रिय सम्मेलनबाट ... ३ पृष्ठमा :मलेसियामा बाढीका ...

## ठूलो परिमाणमा लागुऔषध काठमाडौं पुऱ्याउने कार्यमा संलग्न सहचालकसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

रात्री बसबाट लागुऔषध काठमाडौं पुऱ्याउने अवैध कारोबारमा संलग्न सहचालकसहित दुईजना कारोबारी सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले आइतबार पत्रकार सम्मेलनको आयोजना गरि दुई दिनअघि पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा राजविराज-काठमाडौं रुटमा चल्ने ना.८ख. ५८३७ नम्बरको बसका सहचालक कंचनरुप नगरपालिका ८ निवासी ३६ वर्षिय संजय भुजेल र बोदेबरसाईन नगरपालिका ५ बस्ने २१ वर्षिय मो. अब्दुल छन् ।

प्रहरी उपरिक्षक अभिनारायण काफ्लेका अनुसार अब्दुलले भारतीय क्षेत्रबाट लुकिछिपि लागुऔषध ल्याई सहचालक भुजेललाई बुझाउने र भुजेलले काठमाडौं पुऱ्याई विभिन्न स्थानमा बिक्रि गर्ने गरेको अनुसन्धानको क्रममा खुलेको छ ।

भुजेलले काठमाडौं लैजान पार्किङ गर्ने स्थानमा बसको डिक्कीमा लागुऔषध ठिक्क पारि राखेको गोप्य सूचना आएपछि चेकजाच गर्दा ठूलो परिमाणमा लागु औषध बरामद गरिएको प्रहरी उपरिक्षक काफ्लेले जानकारी दिए ।

टेम्पो र बसबाट गरि प्रतिबन्धित नाइट्रोभेट १० दुई हजार एक सय ट्याब्लेट, एसएमपी प्रोक्सिभन क्याप्सुल २ सय ८८ र डाइलेक्स डिसि १०० एमएल तीन सय ९९ बोतल बरामद गरिएको प्रहरी उपरिक्षक काफ्लेले पत्रकार सम्मेलनमा जानकारी गराएका छन् ।

## सात हजार ४ सय ६९ गाँजाको बोट फडानी गरि नष्ट



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

प्रहरीले जिल्लाको विभिन्न स्थानमा अवैध रुपमा लगाइएको गाँजा खेती फडानी गर्दै जिल्ला प्रहरी कार्यालयमा ल्याई नष्ट गरेको छ ।

अवैध रुपमा लगाइएको ४ हजार ७ सय ९ गाँजाको बोट फडानी गरि नष्ट गरिएको डिएसपी काफ्लेले जानकारी दिए ।

आर्थिक वर्ष २०७८/७९ को साउनदेखी हालसम्मको अवधीमा ७ हजार ४ सय ६९ गाँजाको बोट फडानी गरि नष्ट गरिएको जिल्ला प्रहरी कार्यालयले उपलब्ध गराएको तथ्याङ्क मा उल्लेख गरिएको छ ।

## नौं दिनदेखी बालक सम्पर्कविहीन

**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

सप्तरीको बोदेबरसाईन नगरपालिका २ का बालक सुदिप यादव ९ दिनदेखी सम्पर्कविहीन छन् ।

सम्पर्कविहीन भएको ९ दिन पुगिसक्दा समेत उनको अवस्था अज्ञात रहेको आइतबार संचारकर्मीहरुसँग भेट्दै उनको परिवारजनले बताएका छन् । वेपत्ता सुदिपको अवस्था पत्ता लगाउने कार्यमा सहयोगका लागि परिवारजनले आग्रह समेत गरेका छन् ।



बुवा सरोजका अनुसार गत पुस ३ गते शनिबार घर नजिकै रहेको खेलमैदानमा दिउँसो २ बजेतिर उनी साथीहरुसंग क्रिकेट खेल्न गएका थिए । तर त्यसपछि फर्केर आएनन् । राति अबेरसम्म घर नफर्केपछि चिन्तामा डुबेका परिवारजन भोली पल्ट विहानै इलाका प्रहरी कार्यालय बोदेबरसाइनमा घटना विवरणसहित खोजतलासका लागि निवेदन दिएका थिए ।

प्रहरीले सोही दिनदेखी खोजतलास तिब्र पारेको बताएपनि हालसम्म अज्ञात रहेका सुदिपको अवस्था बारे केही सुराक पत्ता लगाउन सकेको छैन् । मिस्त्रिको काम गर्ने यादवका दुई छोरा मध्ये १३ वर्षि सुदिप कान्छा हुन् । उनी लहानस्थित लिटिल स्टार हायरसेकेन्ड्री बोर्डिङ स्कुलमा कक्षा ७ मा पढ्दै थिए । शनिबार बिदा परेकाले उनी साथीहरुसँग क्रिकेट खेल्न गएका बेला वेपत्ता भएको र उनका साथी तथा अन्य सम्भावित सबै स्थानमा खोजतलास गर्दा पनि कुनै अत्तोपत्तो नलागेको आमा रनिताले रुदै सुनाइन् ।

## ब्राउन सुगरसहित दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

प्रहरीले खैरो हेरोइन ( ब्राउन सुगर) सहित दुई दिन अघि पक्राउ परेकाहरुलाई आइतबार सार्वजनिक गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीमा आयोजित पत्रकार सम्मेलनमा उनीहरुलाई सार्वजनिक गरिएको हो ।

पक्राउ पर्नेहरुमा सिरहाको लक्ष्मीपुरपतारी गाउँपालिका ३ का २८ वर्षिय परमानन्द साह र धनगढीमाई नगरपालिका ११ का २८ वर्षिय दिपेन्द्रकुमार महतो छन् ।

मोटरसाइकल चेकजाचको क्रममा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित सडकखण्डमा पक्राउ परेका उनीहरुको साथबाट प्रतिबन्धित ब्राउन सुगर ८ ग्राम ५ सय ५० मिलिग्राम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधवप्रसाद काफ्लेले जानकारी दिए ।

पक्राउ परेका सबैलाई सप्तरी जिल्ला अदालतबाट लागुऔषध मुद्दामा म्याद थप गराई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।



अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# कोरोना महामारी : अनिच्छुक गर्भधारण बढ्यो र सुरक्षित गर्भपतन घट्यो

काठमाडौँ, ११ पुस (रासस) ।

कोरोना महामारीको प्रभाव जारी रहँदा यौन तथा प्रजनन स्वास्थ्य सेवामा थप असर पुऱ्याउँदै गएको छ । विशेषगरी मातृ तथा बाल मृत्युदर घटाउने सरकारी लक्ष्य पूरा गर्न चुनौती थपिदिएको छ भने महामारी लम्बिएसँगै परिवार नियोजनका साधनका पहुँचको कमीले अनिच्छुक गर्भधारण बढेको र सुरक्षित गर्भपतन घटेको बताइएको छ ।

स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखाका अनुसार महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको छ । विसं २०७६ चैत ११ देखि विसं २०७७ साउन ६ गतेसम्मका लकडाउनमा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए भने सुरक्षित गर्भपतनको सेवा लिनेको सङ्ख्या १५ हजारभन्दा कम रहेको जनाइएको छ । सवारीसाधन तथा दक्ष स्वास्थ्यको पहुँच नहुँदा ती आमाको अत्यधिक रक्तश्राव, मुर्छा पर्ने समस्या, गर्भपतनको जटिलता, कडा प्रसूति, घरमा नै प्रसुतिलगायतका कारणले ती आमाको निधन भएको बताइएको छ । यसैगरी लकडाउनकै अवधिमा कति नवजात शिशु तथा पाँच वर्षमुनिका बालबालिकाको मृत्यु भयो भन्ने आधिकारिक तथ्याङ्क पनि हालसम्म सार्वजनिक भएको छैन ।

नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१) ले मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा १२५ मा झार्ने अति महत्वकाङ्क्षी लक्ष्य राखेको थियो । यसैगरी दिगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्ममा क्रमशः १२ र २० मा झार्ने लक्ष्य राखेको छ । यी लक्ष्य हासिल लगभग असम्भव देखिएको छ । वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान केन्द्र (कृपा)का सहनिर्देशक डा महेश पुरी भन्नुहुन्छ, “महामारीका समयमा परिवार नियोजनका साधनमा पहुँच र उपलब्धता नहुँदा, समयमा सुरक्षित गर्भपतन सेवा नपाउँदा अनिच्छुक गर्भधारण बढेको र सुरक्षित गर्भपतन भने घट्न गएको हो । यसले गर्दा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकलाई असर पार्छ ।” विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवाको विस्तार गरेको खण्डमा १० प्रतिशत शिशु र ३० प्रतिशत मातृ मृत्युदर घट्ने जनाइएको छ ।

कृपाको एक अध्ययनअनुसार नेपालमा वार्षिकरूपमा तीन लाख २३ हजार गर्भपतन हुन्छ । तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छ । लकडाउनका अवधिमा एकतिहाइले गर्भपतन सेवा घटेको बताइएको छ । हालसम्म सुरक्षित गर्भपतन सेवाका लागि ५३० स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने त्यहाँ कार्यरत तालिमप्राप्त स्वास्थ्यकर्मीले सेवा प्रदान गरिराखेका छन् ।

विसं २०५९ देखि सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता प्रदान गरिएको थियो । यसपछि सुरक्षित गर्भपतनसम्बन्धी राष्ट्रिय नीति २०६० कार्यान्वयनमा आएको थियो भने यही नीतिका आधारमा विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य संस्थामा सो सेवा निःशुल्क प्रदान गरिँदै आइएको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली २०७७ र सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ पनि कार्यान्वयनमा आएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या सचिव डा रोशन पोखरेल भन्नुहुन्छ, “कोरोना महामारीको प्रभाव जारी रहँदा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकाङ्कमा धेरै नकारात्मक प्रभाव पर्दैन । कोरोनाका सुरुआती चरणमा यसको कोरोना नियन्त्रणमा स्वास्थ्यका सबै संयन्त्र परिचालित भए पनि केही समय अन्तरालमा स्वास्थ्य संस्थाले सेवाग्राहीले चाहेका सेवा प्रदान गर्न सुरु गरेका थिए । सम्पूर्ण स्वास्थ्य सेवा पूर्ववत अवस्थामा फर्किसकेका छन्”, गुणस्तरीय परिवार योजनाका सेवा तथा सबै प्रकारका परिवार नियोजनको साधनका पहुँचले अनिच्छिुक गर्भ र गर्भपतनको दर घट्ने जनाइएको छ । जनगणना २०७८ का क्रममा पनि मातृ मृत्युका बारेमा सूचना सङ्कलन गरिएको थियो । यसको नतिजा आउन बाँकी छ ।

मन्त्रालयले महामारीका समयमा प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई प्रभावित हुन नदिन विसं २०७७ वैशाखमा अन्तरिम निर्देशिका जारी गरेको थियो । सो निर्देशिकामा भनिएको छ, “परिवार योजना सेवा परिवार योजना सेवाप्रदायकले सेवा रजिष्ट्रबाट सबै सेवाग्राहीको नाम टिपेर सूची बनाउने र टेलिफोन वा महिला स्वास्थ्य स्वयंसेविकामार्फत गोपनीयता कायम राख्दै सेवाको निरन्तरताका लागि फलोअप तथा सहजीकरण गर्ने ।” यसैगरी सुरक्षित गर्भपतन सेवा क्लिनिकल तथा औषधि दुवै माध्यमबाट जारी राख्नेलगायतका बुँदा छन् ।

**घरदैलो सेवा**

महामारी तथा विपद्का अवस्थामा यौन तथा प्रजनन स्वास्थ्यलाई प्रभावित हुन नदिन नेपाल परिवार नियोजन सङ्घले आफ्नो सेवालाई निरन्तर दिँदै आएको छ । सङ्घका व्यवस्थापक डा नरेशप्रताप केसीले भन्नुहुन्छ, “लकडाउन पहिलो हप्तामै आवश्यक स्वास्थ्य सावधानी अपनाउँदै क्लिनिक सञ्चालन ल्यायौँ । समुदायमा रहेका हाम्रा प्रतिनिधिमार्फत घरदैलोमै परिवार नियोजनका साधन वितरण तथा तालिमप्राप्त स्वास्थ्यकर्मीमार्फत गर्भपतन सेवा प्रदान गरौँ । यो क्रम अहिले पनि जारी छ ।” सन् २०२० मा सङ्घले ३३ लाख ६० हजारलाई यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा दिएको थियो । तीमध्ये ३३ हजार अनिच्छित गर्भ रोकिएको जनाइएको छ । सेवाग्राहीमध्ये ९० सीमान्तकृत र ३० प्रतिशत किशोरकिशोरी रहेका थिए । उहाँका अनुसार परिवार नियोजनको राष्ट्रिय कार्यक्रममा सङ्घको योगदान २० प्रतिशतभन्दा माथि रहेको छ ।

‘मिफेप्रिस्टिन’ र ‘मिसोप्रोस्टोल’ नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ । यो १० हप्ताभित्रको गर्भको लागि सुरक्षित मानिन्छ । यसैगरी १२ हप्तासम्मको गर्भपतनलाई ‘म्यानुअल भ्याकुम एस्पिरेशन (एमभिए)’ विधि र १३ देखि १८ हप्तासम्म गर्भलाई ‘कम्प्रिहेन्सिव इमर्जेन्सी अब्सटेटिक नियोनेटल केयर’ सुविधा भएको सूचीकृत स्वास्थ्य संस्थामा तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेशन एण्ड इभ्याकुएशन ( डिएण्ड) गरिन्छ ।

**अझै सुधार हुन सकेन**

करिब छ दशकअघिदेखि नेपालमा व्यवस्थितरूपमा कार्यान्वयनमा आएको परिवार योजना (नियोजन)का कार्यक्रमले यस क्षेत्रमा खासै सुधार ल्याउन सकेको छैन । प्रमुख सूचकहरूमा वर्षौंदेखि स्थिर रहेकाले कार्यक्रम नै सङ्कटमा पुगेका बताइएको छ । हालसम्म आधुनिक साधन प्रयोगदर ४३ प्रतिशत र पहुँच ५३ प्रशितमाथि उक्लिन सकेको छैन । तर परिवार नियोजनको साधन प्रयोग गर्नुपर्छ भन्ने ज्ञान भने ९० प्रतिशतभन्दा माथि छ ।

परम्परागत विधिको प्रयोग ९.८, कूल प्रजननदर २.३ र अपरिपूर्त माग २३.७ प्रतिशत छ । यी सूचक करिब १४ वर्षभन्दा लामो समयदेखि स्थिर छन् । परिवार नियोजनका अस्थायी आधुनिक पाँच प्रकारका साधन ( ढाल, पिल्स, डिपो, इम्प्लान्ट र आइयुसिडी)को प्रयोगदर बढ्न नसक्नु (स्थिर रहनु), परम्परागत विधिका प्रयोगकर्ता उल्लेख्यरूपमा बढ्नु, असन्तुलित दरमा प्रजननदर घट्नु र परिवार नियोजनका साधन चाहेर पनि पाउन नसक्ने दर ( अनमेट निड) घट्नुले परिवार योजना कार्यक्रम सङ्कटमा पर्दै गएको बताइएको छ । प्रजनन स्वास्थ्यका अनुसन्धानकर्ता अनुप अधिकारी भन्नुहुन्छ, “परिवार नियोजनका सेवा तथा सुरक्षित गर्भपतन सेवाका लागि आवश्यक पर्नेको पहुँच पनि छैन र ज्ञान पनि छैन, असुरक्षित गर्भपतन घटाउन परिवार नियोजनको सेवाको पहुँच तथा लगानी वृद्धि गरिनुपर्छ ।”

लामो समय काम गर्ने परिवार नियोजनका अस्थायी साधन जन्म नियन्त्रणका लागि प्रभावकारी भए पनि नेपालमा यसको प्रयोग कमै हुने गरेको छ । उहाँका अनुसार महिलामा ती साधनका ज्ञान कम हुनु, सेवा प्रदायक सेवा लिन चाहने महिलासम्म नपुग्नु, ती सेवामा आवश्यक दक्ष स्वास्थ्यकर्मी नहुनुले पनि कम प्रयोग भएको हो ।

एक अध्ययनअनुसार नेपालका ५० प्रतिशतभन्दा कम स्वास्थ्य संस्थाले मात्र परिवार नियोजनका ती सेवा दिन सक्दछन् । जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा १५ देखि ४९ वर्षका विवाहिता महिलाले परिवार नियोजनका साधन प्रयोग गर्दछन् । साधन प्रयोग गर्ने ५३ प्रतिशत महिलामध्ये ४३ प्रतिशतले आधुनिक साधन तथा सेवाको प्रयोग गर्छन् भने १० प्रतिशतले परम्परागत विधि अपनाउने गर्छन् । नेपालमा सबैभन्दा बढी महिलाले बन्ध्याकरण गर्ने गर्दछन् । यस्ता महिलाको सङ्ख्याको १५ र पुरुषको सङ्ख्या छ प्रतिशतभन्दा माथि उक्लिन सकेको छैन ।

परिवार नियोजनको आधुनिक साधन प्रयोग गर्नेमा शिक्षितभन्दा अशिक्षित महिला बढी रहेका उजागर सर्वेक्षणले गरेको थियो । कुनै शिक्षा हासिल नगरेका ५२ प्रतिशत महिलाले आधुनिक साधन र सेवा प्रयोग गर्ने तथा माध्यमिक शिक्षा वा सोभन्दा बढी हासिल गरेका ३४ प्रतिशत महिलामात्रै आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्ने गरेका छन् । विवाहिता महिलामा परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदरमा उल्लेखनीय सुधार आएको देखिदैन । सन् १९९६ मा प्रयोगदर २९ प्रतिशत रहेकामा हाल ५३ प्रतिशत मात्र पुगेको छ । सहनिर्देशक डा पुरी भन्नुहुन्छ, “आधुनिक परिवार नियोजनको साधनको प्रयोगदर घट्दो र परम्परागत विधि अपनाउनेको दर बढ्दो छ, यो उल्टो प्रक्रिया भयो ।”

नेपालका १५ प्रशित विवाहिता महिला कम्तीमा दुई वर्षको अन्तरालमा बच्चा जन्माउन चाहन्छन् । यस्तै ६१ प्रतिशत महिला दुई बच्चा जन्माइसकेपछि अर्को बच्चा जन्माउन चाहँदैनन् । अर्को बच्चा जन्माउन नचाहने महिलाका लागि परिवार नियोजनका साधनको माग हुन्छ । यस्तो माग गर्ने महिलाको सङ्ख्या ७६ प्रतिशतभन्दा माथि छ । करिब ७० प्रतिशत महिलामा प्रजनन स्वास्थ्यका लागि परिवार नियोजनका सेवा लिनुपर्छ भन्ने ज्ञान र जानकारी छ, तर सेवाको पहुँच छैन ।

परिवार नियोजनका आधुनिक साधन, मातृत्व र नवजात शिशु स्याहारमा लगानी बढाउन आवश्यक रहेको छ । सन् १९७६ मा छ दशमलव तीन प्रतिशत रहेको प्रजननदर सन् २०१६ मा आइपुग्दा दुई दशमलव तीनमा झरेको छ । गर्भ निरोधकका साधन उपयोग गर्नेको सङ्ख्या दुई दशमलव नौ प्रतिशतबाट ५३ प्रतिशतमा उक्लिए पनि यसलाई खासै उपलब्धि मानिन्न । पछिल्लो समय नेपालमा आधुनिक गर्भनिरोधका लागि नौ प्रकारका साधन उपयोगमा आएका छन् । यौन तथा प्रजनन स्वास्थ्यविज्ञ माला चालिसे भन्नुहुन्छ, “महिलालाई कहिले र किन बच्चा जन्माउने भन्ने निर्णय लिन सक्षम बनाउन आवश्यक छ, प्रजनन स्वास्थ्यसम्बन्धी ती विषयमा महिला सक्षम भएमात्र मातृ तथा बाल स्वास्थ्य सुधार हुन्छ, सरकारले परिवार नियोजन सेवाको पहुँच विस्तार गर्न लगानी बढाउनु आवश्यक छ ।”

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# राष्ट्रियसभा सदस्य निर्वाचनका लागि १२ राजनीतिक दल दर्ता

काठमाडौँ, ११ पुस (रासस) ।

राष्ट्रियसभा सदस्यको आगामी माघ १२ गते हुने निर्वाचनमा १२ राजनीतिक दलले भाग लिने भएका छन् । राष्ट्रियसभा सदस्य निर्वाचनको प्रयोजनका लागि १२ राजनीतिक दल दर्ता भएको निर्वाचन आयोगका प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो । उक्त निर्वाचनमा नौ राजनीतिक दलले सबै प्रदेशमा र तीन राजनीतिक दलले कुनै प्रदेश विशेषमा मात्र भाग लिने गरी दल दर्ता गराएका हुन् ।

आयोगका अनुसार, नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा ( माओवादी केन्द्र) नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय जनमोर्चा, नेपाल लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल परिवार दलले सबै प्रदेशमा भाग लिने छन् । लोकतान्त्रिक समाजवादी पार्टी प्रदेश नं दुई र सुदूरपश्चिम प्रदेश, नेपाल मजदुर किसान पार्टीले बागमती र ऐतिहासिक प्रजातान्त्रिक जनता पार्टी नेपालले प्रदेश नं २ मा मात्र भाग लिने जानकारी दिइएको छ ।

आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि राजनीतिक दललाई पुस १ देखि शनिबारसम्म दल दर्ताका लागि समयावधि प्रदान गरेको थियो । प्रत्येक निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता गर्नपर्ने संवैधानिक व्यवस्था छ । उक्त निर्वाचनका लागि यसअघि नै निर्वाचन अधिकृतको नियुक्ति तथा मतदानस्थल र मतदान केन्द्र तोकिसकिएको छ । निर्वाचनका लागि प्रदेशसभा सदस्य तथा पालिका प्रमुख र उपप्रमुख गरी दुई हजार २५ मतदाता कायम छन् । निर्वाचनमा प्रदेशसभा सदस्यको मतभार ४८ र पालिका प्रमुख र उपप्रमुखको मतभार १८ हुनेछ ।

उन्नाइस पदका लागि हुने उक्त निर्वाचनमा स्थानीय तहका एक हजार ४९३ र प्रदेशसभाका ५३२ मतदाता रहने छन् । आगामी यस निर्वाचनबाट सात महिला, तीन दलित, दुई अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक र सात अन्य समूहका उम्मेदवार निर्वाचित हुनेछन् । आगामी फागुन २० गते नेकपा (एमाले)का आठ, नेकपा( एस)का चार, नेकपा (माओवादी केन्द्र)का चार र नेपाली कांग्रेसका तीन राष्ट्रियसभा सदस्यको पदावधि सकिँदैछ । विज्ञका रूपमा मनोनीत रामनारायण बिडारीको कार्यकाल पनि सोही मितिमा पूरा हुनेछ ।

प्रबुद्ध वर्गको प्रतिनिधित्व रहने ५९ सदस्यीय राष्ट्रियसभाको एक तिहाइ सदस्य प्रत्येक दुई वर्षमा पदावधि समाप्त हुने संवैधानिक व्यवस्था छ । राष्ट्रियसभा सदस्यको पदावधि छ वर्ष भए पनि पहिलोपटक गोलाप्रथाद्वारा कार्यकाल निर्धारण गरिएको थियो । राष्ट्रियसभाका एक तिहाइ सदस्यको पदावधि समाप्त हुन

*बाँकी अन्तिम पृष्ठमा*

# रातारात राष्ट्रिय सम्मेलनबाट महाविधेशन गर्न किन तयार भयो माओवादी ?

काठमाडौँ, ११ पुस (रासस)।

शनिबारसम्म राष्ट्रिय सम्मेलन भनिरहेको नेकपा (माओवादी केन्द्र)ले एकाएक महाधिवेशनमा परिणत गर्ने निर्णय गर्‍यो। किन रातारात यस्तो निर्णय भयो भन्नेबारेमा आम कार्यकर्ता पङ्क्ति र अन्य प्रतिस्पर्धी दलमा समेत जिज्ञासा रहेको छ।

एक दिनमै त्यस्तो के परिवर्तन आयो भन्ने बारेमा आम कार्यकर्ता पङ्क्तिमा जिज्ञासा उत्पन्न हुनु स्वभाविक नै थियो। शनिबार मात्रै माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले केही नेतासँग सल्लाह गर्नुभयो र सबै प्रक्रिया पूरा भएकाले राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा परिणत गर्ने निर्णय भयो। शनिबार बसेको स्थायी समितिको बैठकमा अध्यक्ष प्रचण्डले नै राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा परिणत गर्ने निर्णय भएको जानकारी गराउनुभएको थियो। उहाँले पार्टीको महाधिवेशनको सम्पूर्ण प्रक्रिया पूरा गरिएकाले राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा रुपान्तरण गर्न लागिएको आइतबार बसेको केन्द्रीय समितिको बैठकमा समेत जानकारी गराउनुभयो।

स्थानीय तहदेखि नै सबै प्रक्रिया पुर्‍याएकाले महाधिवेशन भन्न लायक र उपयुक्त छ भन्ने देखिएको र विधान पनि व्यवस्थित ढङ्गले संशोधन गरेर प्रस्तुत गर्न लागेकाले यसलाई सम्मेलन भन्नुभन्दा महाधिवेशन भन्न उचित देखिने अध्यक्ष प्रचण्डको भनाइ थियो। माओवादीले वैधानिक र कानुनी रुपमा के हुन्छ, भनेर केन्द्रीय सदस्य मुक्ति प्रधानलाई निर्वाचन आयोगसँग परामर्शका लागि खटाएको थियो। वैधानिक र कानूनी पाटो के हुन्छ भनेर आयोगसँग छलफल गरेपछि राष्ट्रिय सम्मेलनलाई महाधिवेशनमा परिणत गरेको माओवादीले जनाएको छ।

नेता प्रधानले आयोगसँग बुझ्दा भेला, सम्मेलन र महाधिवेशन जे भने पनि तपाईंहरूको कुरा हो तर एउटै कुरा भेला, सम्मेलन वा महाधिवेशन जे भन्ने भए पनि केन्द्रीय समितिले औपचारिक निर्णय गरेर निर्वाचन आयोगलाई जानकारी दिए महाधिवेशन भन्दा केही आपत्ति हुँदैन भन्ने निर्वाचन आयोगका जवाफ प्राप्त भएको थियो।

पाँच वर्षमा केन्द्रीय समितिको नयाँ निर्वाचन गर्नुपर्ने कानुनी एवं संवैधानिक प्रावधान छ। विसं २०७३ मा तत्कालीन नेकपा (एमाले)सँग एकता भएकाले महाविधेशनलगायतका नियमित प्रक्रिया अगाडि बढेको थिएन। गत फागुन २३ गते सर्वोच्च अदालतको फैसलापछि एमाले र माओवादी केन्द्र छुट्टाछुट्टै दलका रुपमा विभक्त भए। गत साउनमा बसेको केन्द्रीय समितिको बैठकले राष्ट्रिय सम्मेलन आयोजना गर्ने निर्णय गरेको थियो।

अध्यक्ष प्रचण्डले भन्नुभयो, "महाधिवेशनका गर्ने तर नाम चाहीं सम्मेलन राख्नुभन्दा महाधिवेशन नै भन्नु उचित हुन्छ, त्यसले दिने सन्देश नै बलियो हुन्छ र हामीले पारित गर्ने दस्तावेज र विधानको महत्वका साथै समावेशी, समानुपातिक सम्बोधन गर्दै छौँ भन्ने भएपछि महाधिवेशनमा परिणत गरिएको हो।"

माओवादीको विधानअनुसार सम्मेलनले गरेका सबै कुरा महाधिवेशनले अनुमोदन गर्नुपर्ने व्यवस्था छ। सो व्यवस्थाले गर्दा तुरुन्तै महाधिवेशनको आयोजना गर्नुपर्ने अवस्था आउनेछ। निर्वाचन आयोग खोइ महाधिवेशन भनेर प्रश्न गरेको अवस्थामा प्रेसर दबाब हुने भएकाले पनि यस्तो निर्णय गरिएको अध्यक्ष प्रचण्डले केन्द्रीय समितिमा जानकारी गराउनुभएको थियो।

अध्यक्ष प्रचण्डको थप भनाइ थियो, "हाम्रो अनुकूलतामा त महाधिवेशन गरी नै हाल्छौं, दुई वर्ष अढाइ वर्ष जहिले पनि गर्न सक्छौं, तर अहिले महाधिवेशन भनिएन भने त चाँडै गर्नुपर्ने हुन्छ, त्यो तनावमा हामी किन बस्ने ? एकछिनलाई कसैले अस्तिसम्म सम्मेलन भन्ने आइतबार महाधिवेशन भन्लान्, तर त्यसको हामी मजाले जवाफ दिन सक्छौं।"

सबै प्रक्रिया पुर्‍याइएकाले महाधिवेशन भन्न लायक र उपयुक्त रहेको तर्क गर्दै उहाँले व्यवस्थित ढङ्गले विधान संशोधन गर्न लागिएको तथा सम्मेलनलाई महाधिवेशनान परिणत गरिएको बताउनुभयो। शनिबार साँझ बसेको स्थायी कमिटीको बैठकमा सम्मेलनलाई राष्ट्रिय महाधिवेशनका रूपमा सम्पन्न गर्न उचित हुन्छ भन्ने नेताबीच समझदारी भएको थियो। पार्टीको सदस्यता नवीकरणदेखि वडामा सम्मेलन र त्यहाँ प्रतिनिधि चुन्नेदेखि त्यहाँ प्रतिवेदन पारित गर्ने तथा नेतृत्व चयन गर्नेसम्मका काम नियमित रुपमा नै सम्पन्न भएका छन्।

यस्तै पालिकाको सम्मेलन, त्यहाँ प्रतिवेदन प्रस्तुत र नयाँ नेतृत्व निर्माणको निर्वाचन पनि गरिएको छ। राष्ट्रियरुपमा सहभागी हुने प्रतिनिधिको छनोट र कमिटीको निर्वाचन प्रक्रिया पनि पूरा भएको छ। केन्द्रीय समितिको पनि निर्वाचन हुँदैछ। त्यसका लागि निर्वाचन आयोगले काम गरेको छ। माओवादीले विष्णुपुकार श्रेष्ठको अध्यक्षतामा निर्वाचन आयोग गठन गरेको छ।

अन्य प्रमुख पार्टीले महाधिवेशन गर्दा सबै विधि नपुगे पनि महाधिवेशनका रुपमा नै स्थापित भएको माओवादीको तर्क छ। "राष्ट्रिय सम्मेलन भने पनि हामी यहाँ व्यवस्थित रूपमा नयाँ विचारको विकास गर्ने गरी महाधिवेशनमा गर्नुपर्ने कामै गर्दै छौँ", अध्यक्ष प्रचण्डको भनाइ थियो। सम्मेलनमा विश्व परिस्थिति, राष्ट्रिय परिस्थिति, इतिहासको समीक्षा, माओवादी जाने समाजवादको बाटो कस्तो हो भन्नेमा नै विस्तारपूर्वक विवेचना र कार्यनीति तय गरिएको माओवादीको दाबी छ।

# चुहावट नियन्त्रणमा गुणात्मक फड्को मार्दै प्राधिकरण

काठमाडौँ, ११ पुस (रासस)।

एक प्रतिशतमात्रै चुहावट घटाउँदा नेपाल विद्युत् प्राधिकरणलाई झण्डै रु ७० करोड बराबरको मुनाफा हुन जान्छ। पछिल्ला दिनमा बिजुलीको चुहावटको मात्रामा वृद्धि भएको थियो। कोरोना कहरका कारण प्राधिकरणले अभियानका रुपमा चुहावट नियन्त्रणको कामलाई अगाडि बढाउन सकेको थिएन।

कोरोनाका कारणले स्थानीय प्रशासनको सहयोगसमेत लिन सकेको थिएन। सोही कारण चुहावटको मात्रामा वृद्धि भएको थियो। कोरोनाको असर सामान्य भएको र जनजीवन नियमित प्रक्रियामा फर्केपछि प्राधिकरणले चुहावट नियन्त्रण अभियानलाई पुनःदेशव्यापीरुपमा सञ्चालन गर्दा अपेक्षित नतिजा हासिल भएको छ। झण्डै तीन प्रतिशतको हाराहारीमा चुहावट नियन्त्रण हुँदा त्यसबाट प्राधिकरणलाई झण्डै रु एक अर्ब ५० करोड बराबरको मुनाफा हुने अवस्था देखिएको छ।

प्राधिकरणले चालू आव २०७८/७९ को पहिलो चार महिनामा प्रणालीमा रहेको विद्युत् चुहावटलाई घटाएर १४.३५ प्रतिशतमा सीमित गरेको छ। यसबाट गुणात्मक प्रतिफल हासिल भएको प्राधिकरणको दाबी छ। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले पनि चुहावट नियन्त्रणको कामलाई स्थानीय प्रशासनसँग सहकार्य गरेर अगाडि बढाउन प्राधिकरणको नेतृत्वलाई निर्देशन दिनुभएको छ। चुहावट नियन्त्रण गर्नु बिजुली उत्पादन गर्नु जस्तै भएको भन्दै उहाँले बिजुली चोरीमा संलग्नलाई कुनै पनि हालतमा छुट नदिन र कारवाहीको दायरामा ल्याउन स्पष्ट निर्देशन दिनुभएको छ। मन्त्री भुसाल प्राधिकरण सञ्चालक समितिको अध्यक्षसमेत हुनुहुन्छ।

स्थानीय प्रशासनले पनि चुहावट नियन्त्रणमा सहयोग गरेको छ। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ नियमितरुपमा बिजुलीको खपत बढाउने अभियानसँगै चुहावट नियन्त्रणमा समेत लागि पर्नुभएको छ। हरेक प्रदेश कार्यालय, स्थानीय वितरण केन्द्रलाई समेत चुहावट नियन्त्रणमा कुनै पनि सम्झौता नगर्न स्पष्ट निर्देशन दिइएको परिणाम हासिल भएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ।

नियमितरुपमा विद्युत् आपूर्ति र प्राविधिक तथा गैरप्राविधिक चुहावट नियन्त्रणका लागि सञ्चालन गरिएको अभियानबाट प्राधिकरणले गत आवमा प्रणालीको १७.१८ प्रतिशतको चुहावटलाई चालू आवको चार महिनामा २.८३ प्रतिशत विन्दुले घटाएर १४.३५ प्रतिशतमा सीमित गर्न सफल भएको हो।

गत कात्तिकसम्ममा प्रणालीमा रहेको चुहावटमध्ये वितरणतर्फ ९.२४ प्रतिशत छ भने बाँकी प्रसारण तथा उत्पादनतर्फको हो। गत वर्षको कात्तिकसम्म वितरणतर्फको चुहावट १२.०१ प्रतिशत थियो। गत आवको चार महिनाको तुलनामा यस वर्ष वितरणतर्फको चुहावट २.७७ प्रतिशत बिन्दुले कम हो। प्राधिकरणले चालू आवमा विद्युत् चुहावट १५.५ प्रतिशतमा झार्ने लक्ष्य राखेको छ। पहिलो चार महिनामै लक्ष्यभन्दा कम चुहावट रहेकाले आवको बाँकी अवधिमा लक्ष्य पूरा हुने देखिएको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले जानकारी दिनुभयो।

आव २०७२/७३ मा २५.७८ प्रतिशत विद्युत् चुहावटलाई घटाएर प्राधिकरणले आव २०७६/७७ मा १५.२५ प्रतिशतमा झारेको थियो। आव २०७७/७८ मा चुहावट १.९१ प्रतिशत बिन्दुले बढेर १७.१८ प्रतिशत पुगेको थियो। कार्यकारी निर्देशक घिसिङले चुहावट नियन्त्रण अभियान प्रभावकारीरुपमा चलाइएको, सबस्टेसनको क्षमता वृद्धि गर्ने, कन्डक्टर थप्ने, ओभरलोड ट्रान्सफर्मर फेर्ने, थ्रि फेज मिटरको प्रयोगलाई प्रोत्साहन गर्नेलगायत कदमको परिणाम चुहावट नियन्त्रणमा देखिएको बताउनुभयो।

उद्योगमा विद्युत् आपूर्ति बढेको र चुहावट नियन्त्रण अभियानलाई अझै सशक्त तथा प्रभावकारी बनाएर चालू आवका लागि राखिएको लक्ष्यभन्दा चुहावटलाई तल झार्ने गरी काम अगाडि बढाइएको घिसिङले जानकारी दिनुभयो।

"गैरप्राविधिक चुहावट नियन्त्रणका लागि चोरी नियन्त्रण, महसुल बक्यौता असुलीमा कडाइ, मिटर बाइपास तथा हुकिङ गरी चोरी गर्नेलाई कडा कारवाही गर्ने, बन्द मिटर फेर्ने, मिटर लिन प्रोत्साहित गर्ने मिटर रिडिङ नभएको (स्टक युनिट) ग्राहकको पहिचान गरी रिडिङ गर्ने काम अभियानकैरुपमा चलाइएको छ", उहाँले भन्नुभयो, "चोरी नियन्त्रण गर्दा कति ठाउँमा हाम्रा कर्मचारीमाथि आक्रमण भएको छ, यस्तो अवस्थामा पनि वितरण तथा ग्राहक सेवाअन्तर्गतका व्यवस्थापक र दिनरात नभनी खटिएका कर्मचारी, गृह प्रशासनलगायत सबैको साथ र सहयोगमा चुहावट घटाउन सफल भएका छौँ।"

काठमाडौँ उपत्यकामा जाडोमा र तराई क्षेत्रमा गर्मीमा चुहावट बढ्ने उल्लेख गर्दै घिसिङले प्राविधिक र गैरप्राविधिक चुहावट नियन्त्रणका लागि मुलुकभर चालिएको अभियानलाई अझै सशक्त र प्रभावकारी बनाएर चालू आवको लक्ष्य हासिल गरिने बताउनुभयो। प्राधिकरण व्यवस्थापनले विद्युत् चुहावट नियन्त्रण, विद्युतीकरण र सेवाप्रवाह सुधारमा केन्द्रित रहेर प्राधिकरणका सात प्रादेशिक तथा दुई प्रदेश डिभिजन कार्यालयका प्रमुख र मातहतका वितरण केन्द्र प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्नेछ।

कार्यकारी निर्देशक घिसिङले थप्नुभयो, "उपयुक्त स्थानमा उपयुक्त व्यक्ति भन्ने अवधारणाका आधारमा जिम्मेवारी दिन सुरु गरिएको छ, ग्राहकलाई दिने सेवामा सुधार गर्न, ग्राहकलाई थप विद्युत् दिन, विद्युत् चुहावट नियन्त्रण, विद्युत् महसुल बक्यौता असुली, विद्युतीकरणलगायतलाई मुख्य मानक मानी ग्राहक तथा वितरण केन्द्र प्रमुखसँग कार्यसम्पादन गर्दैछौं, यसबाट चुहावट नियन्त्रण, विद्युतीकरण, सेवा प्रवाहलगायतमा सुधार हुनेछ।"

## विश्व समाचार

### मलेसियामा बाढीका कारण ४६ जनाको मृत्यु

क्वालालम्पुर, ११ पुस (रासस/सिन्ह्वा)।

मलेसियामा केही दिनयता देखिएको भीषण बाढीका कारण यहाँका कम्तीमा पनि ४६ जनाको ज्यान गएको बताइएको छ। यहाँ केही दिनयतादेखि जारी रहेको मौसमी बाढीबाट शनिबारसम्म ४६ जनाको ज्यान गएको बताइएको हो।

यहाँका उद्धार अधिकारीहरुले अरु आठ जना अझै बेपत्ता भएका बताएका छन्। मलेसियाको मौसम विभागले शनिबार पहाङ, तेरेंगानु र केलान्तानका तटीय राज्यहरूमा धेरैको ज्यान गएको बताएको छ। साथै ती क्षेत्रमा अझै पनि भारी वर्षा र मेघगर्जनसहित वर्षाको सम्भावना रहेको जनाएको छ।

### ब्राजिलमा एकैदिन कोरोना भाइरसबाट १६४ को मृत्यु

साओपाओलो, ११ पुस (रासस/सिन्ह्वा)।

ब्राजिलमा शुक्रबारदेखि शनिबारसम्मको २४ घन्टामा मात्र कोरोना भाइरसका १६४ जनाको ज्यान गएको छ। ब्राजिलको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार यहाँ पछिल्ला केही हप्तामा कोरोनाको सङ्क्रमणका साथै मृत्यु हुनेको संख्या पनि बढेको पाइएको छ।

साथै गएको २४ घन्टामा यहाँ ४ हजार १४६ जनामा सङ्क्रमण भएको छ। यहाँ पछिल्लो समयमा कोरोना भाइरसको घातक भनिएको ओमिक्रोन भेरियन्ट पनि बढेको पाइएको छ। यहाँ यो भाइरसको सङ्क्रमण सुरु भएयता ६ लाख १८ हजार ३९२ जनाको यही प्रकोपबाट निधन भएको बताइएको छ।

त्यसैगरी यहाँ २ करोड २२ लाखभन्दा बढी सङ्क्रमित भएका छन्। यहाँ पछिल्लो समयमा कोरोना भाइरसको पूर्ण मात्राको खोप लगाउने नागरिकको संख्या बढेको छ तर सङ्क्रमण पनि बढेको पाइएको छ। यहाँका ६८ प्रतिशत नागरिकले कोभिड विरुद्धको खोप लगाएका छन्। ब्राजिल विश्वमै कोरोना भाइरसका कारण सबैभन्दा बढी नागरिकको ज्यान जाने देशमा अमेरिकापछि दोस्रोमा पर्दछ। कोरोना भाइरसबाट सबैभन्दा बढी अमेरिकी नागरिकको ज्यान गएको छ।

### बेलायतमा एकै दिन १ लाख २२ हजारभन्दा बढी सङ्क्रमित

लन्डन, ११ पुस (रासस/सिन्ह्वा)।

बेलायतमा एकै दिन अहिलेसम्मकै सबैभन्दा धेरै कोरोना भाइरसका सङ्क्रमित पाइएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन्। यहाँका अधिकारीहरूले दिएको जानकारीअनुसार शनिबार मात्र एक लाख २२ हजारभन्दा बढी सङ्क्रमित भेटिएका बताइएको छ। यसअघि यहाँ शुक्रबार मात्र एकै दिनमा १ लाख २० हजार सङ्क्रमित भेटिएका थिए। यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि नै एकै दिनमा देखिएको यो सबैभन्दा बढी सङ्क्रमित संख्या हो।

त्यसपछि शनिबार मात्र यहाँ १ लाख २२ हजार १८६ जनामा सङ्क्रमण भएको हो। यो नै यहाँ कोरोना भाइरसको सङ्क्रमण सुरु भएदेखि नै सबैभन्दा धेरै सङ्क्रमित पाइएको बताइएको छ। बेलायतमा पछिल्लो केही हप्ताहरुमा कोरोना भाइरसको प्रकोप बढ्दै गएको देखिएको छ। यहाँका अधिकारीहरूले प्रकोप सुरु भएयताकै सबैभन्दा धेरै सङ्क्रमित बढेका बताइरहेका छन्। त्यसैगरी यहाँ हरेक दिन कोभिडको घातक मानिएको ओमिक्रोन भेरियन्ट पनि बढ्दो देखिएको छ। पछिल्लो समयमा ओमिक्रोन भाइरस देखिएपछि यहाँका कतिपय कार्यक्रमहरूमा पनि प्रतिबन्ध लगाउन सुरु गरिएको छ।

यहाँ अहिलेसम्म एक करोड १८ लाख ९१ हजार भन्दा बढी सङ्क्रमित पुगेका छन्। त्यसैगरी बेलायतमा यो सङ्क्रमणबाट मृत्यु हुनेको संख्या एक लाख ४७ हजारभन्दा बढी पुगेको बताइएको छ। यसैगरी पछिल्लो २४ घन्टामा यहाँ १३७ जना कोरोना भाइरसका सङ्क्रमितहरुको ज्यान गएको बताइएको छ। बेलायतका स्वास्थ्य अधिकारीहरुले पछिल्ला हप्ताहरूमा सङ्क्रमणको तुलनामा मृत्युदरमा भने उल्लेख्य रूपमा कमी आएको देखिएको बताएका छन्।

### भारत नियन्त्रित कश्मीरमा भएको गोली हानाहानमा ३ आतंकारीको मृत्यु

श्रीनगर, भारत नियन्त्रित काश्मिर, ११ पुस, (रासस-सिन्ह्वा)।

भारत नियन्त्रित कश्मीरमा दुई छुट्टाछुट्टै गोली हानाहानमा तीन आतङ्कारीको मृत्यु भएको प्रहरीले आइतबार जनाएको छ। प्रहरीले पुलवामा जिल्लाको त्रालमा दुई आतङ्कारीको मृत्यु भएको र अनन्तनाग जिल्लाको श्रीगुफ्वारा क्षेत्रमा एकजनालाई गोली हानेर मारिएको बताएको छ।

प्रहरी, सेना र अर्धसैनिक बलको संयुक्त टुकडीले विद्रोहीहरूको उपस्थिति रहेको संकेत गर्ने विशेष गुप्तचर सूचनाको आधारमा गाउँहरू घेरेपछि दुवै ठाउँमा बन्दुकधारीहरूले गोली चलाएको प्रहरी प्रवक्ताले बताए। झडपमा सरकारी सेनालाई कुनै क्षति नभएको पनि जनाएको छ।

# प्रथम जेष्ठ नागरिक दिवसमा सातजना सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

जेष्ठ नागरिक जिल्ला संघ सप्तरी र पूर्वकर्मचारी सेवा परिषद् नेपाल सप्तरीले संयुक्त रुपमा आइतबार कार्यक्रमको आयोजना गरि प्रथम जेष्ठ नागरिक दिवस मनाएका छन् ।

सो अवसरमा आयोजित बिचार गोष्ठी तथा सम्मान कार्यक्रममा समाज र देशका लागि योगदान गर्ने सात जनालाई सम्मान गरिएको छ ।

जेष्ठ नागरिक संघ सप्तरीका सचिव बैजनाथ झाका अनुसार सम्मानित हुनेहरुमा पूर्वकर्मचारी पुरुषोत्तम मिश्र, मोहनप्रसाद उपाध्याय, लक्ष्मीलाल दास र बेचन ठाकुर छन् । यस्तै समाजसेवी लत्तर दास, चन्द्रदेवी झा र बिजय सिंह पनि सम्मानित भएका छन् । सम्मानित हुनेहरुमा ८१ वर्षदेखी १ सय २ वर्षसम्मका जेष्ठ नागरिक छन् । उनीहरुलाई प्रमुखअतिथि प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले दोसल्ला ओढाई सम्मान गरे ।

जेष्ठ नागरिक संघ सप्तरीका अध्यक्ष शिवहरि प्रसाद भट्टराईको अध्यक्षतामा आयोजि कार्यक्रममा राजविराज नगरपालिकाकी उपप्रमुख साधना झा, प्रहरी उपरिक्षक अभिनारायण काफ्ले, जेष्ठ नागरिक संघ प्रदेश २ समन्वय समितिका संयोजक शंकर सारदा, पूर्वकर्मचारी सेवा परिषद्का अध्यक्ष सुगम्बर यादव, समुदायिक सेवा प्रहरी मञ्चका अध्यक्ष हितनारायण लाल दास, पूर्वप्रधानाध्यापक बच्ची मिश्रा लगायतले शुभकामना दिँदै जेष्ठ नागरिकहरु समाजमा जिउँदा इतिहास रहेकाले उनीहरुबाट वर्तमान र भावी पुस्ताले धेरै कुरा सिक्नु पर्ने आवश्यकता माथी जोड दिए ।

जेष्ठ नागरिकप्रति उच्च सम्मान व्यक्त गर्न सरकारले यसै वर्षदेखी पुस ११ का दिन विविधि कार्यक्रमको आयोजना गरि जेष्ठ नागरिक दिवस मनाउने निर्णय गरेको हो ।

***राष्ट्रियसभा ...***

३५ दिनअघि नै निर्वाचन गर्नपर्ने प्रावधान छ । उक्त निर्वाचनका लागि पुस २० गते उम्मेदवारको मनोनयन दर्ता हुनेछ भने पुस २५ गते उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिनेछ । सोही दिनदेखि निर्वाचन आचारसंहित सबैका लागि लागू गराउने आयोगले सोच बनाएको छ ।

# बन्दको अवज्ञा गरेको भन्दै ट्रकमा आगजनी



**दैनिक समाचारदाता**
**सिरहा, ११ पुस ।**

बन्दको अवज्ञा गरेको भन्दै जनमत पार्टीका कार्यकर्ताले सिरहाको गोलबजारमा आइतबार दिउँसो एक ट्रकमा आगजनी गरेको छ भने दर्जनौं सवारीसाधन तोडफोड गरेका छन् ।

गहुँको बिउ लुटेको आरोपमा चारजना किसानबिरुद्ध मुद्दा र एक जनालाई पक्राउ गरेको बिरोधमा जनमत पार्टीले आइतबार आह्वान गरेको एक दिने सिरहा बन्दका क्रममा सो अगजनी र तोडफोड गरेको हो ।

पार्टीका कार्यकर्ताहरुले पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना.५ख. ५५२२ नम्बरको सिमेन्ट लोड गरिएको उक्त ट्रकमा आगजनी गर्दा अधिकांश भाग जलेको छ ।

डा. सीके राउत नेतृत्वको सो पार्टीका कार्यकर्ताहरुले बिहानैदेखी राजमार्ग अन्तरगत जिल्लाको लहान, गोलबजार, मिर्चैयालगायत अन्य बजारहरुमा प्रदर्शन गर्नुका साथै बन्दको अवज्ञा गरेको भन्दै दर्जनौं सवारीसाधनलाई तोडफोड गरेका छन् ।

जिल्लाको औरही गाउँपालिकाले किसानलाई वितरण गर्न भन्दै स्थानीय स्वास्थ्य चौकीमा राखेको गहुँको बीउ वितरण गर्न ढिलाई गरेको भन्दै केही किसानले आफैं लिएर गएका थिए ।

# सर्लाहीमा सवारी दुर्घटनामा दुईको मृत्यु

मलङ्गवा, ११ पुस (रासस) ।

सर्लाहीमा गएराति छुट्टाछुटै सवारी दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ । साइकलको ठक्करबाट एक महिलाको मृत्यु भएको छ भने मोटरसाइकल दुर्घटनामा परी एक पुरुषको ज्यान गएको सर्लाही प्रहरीले जनाएको छ ।

मलङ्गवा-नवलपुर सडक खण्डअन्तर्गत हरिपुर नगरपालिका-६ लक्ष्मीपुरमा साइकलको ठक्करबाट ५५ वर्षीया सैफुल खातुनको मृत्यु भएको छ । बाटो काट्ने क्रममा शनिबार साँझ खातुनलाई साइकलले ठक्कर दिएको थियो । घाइते खातुनको जनकपुरमा उपचारका क्रममा शनिबारराति ९:३० बजे मृत्यु भएको सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिनुभयो ।

साइकल चालकलाई प्रहरीले नियन्त्रण लिएको छ । उता पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको बाँके जङ्गलमा नम्बर नखुलेको एक सवारी साधनले मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । ना ३४ प ७०२१ नम्बरको मोटरसाइकलको पछि बसेका लालबन्दी नगरपालिका-७ बस्ने ५७ वर्षीय भीम गुरुङको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएका गुरुङलाई उपचारका लागि जिल्ला अस्पताल मलङ्गवामा पुर्‍याइएको थियो । उनलाई चिकित्सकले तत्कालै मृत घोषणा गरेका थिए ।

# जनमत पार्टीको सभामा वडा अध्यक्षद्वारा आक्रमण

**दैनिक समाचारदाता**
**राजविराज, ११ पुस ।**

सप्तरीको हनुमाननगर कंकालिनि नगरपालिकामा शनिबार जनमत पार्टीद्वारा आयोजित कोणसभामा पार्टीका नेता कार्यकर्ताहरुमाथी आक्रमणको प्रयास हुनुका साथै मोटरसाइकल तोडफोड गरिएको छ ।

पार्टीका जिल्ला सचिव थानेश्वर प्रसाद साहद्वारा आइतबार जारि विज्ञप्तिमा सोही नगरपालिका वडा नं. ११ स्थित सामुदायिक भवनमा शनिबार आयोजित पार्टीको कोणसभालाई लक्षित गरि वडा अध्यक्ष मोहिनारायण यादवको नेतृत्वमा एक समूहले धारिलो हतियारसहित आक्रमण गर्दा मोटरसाइकलमा क्षति तथा पार्टीका पालिका सहसचिव मण्डललाई चोट लागेको जनाइएको छ ।

आक्रमणबाट जनमत पार्टीका जिल्ला सदस्य भोगेन्द्र शर्माको मोटरसाइकल तोडफोड गरिएको छ भने सोही नगरपालिका जनमत पार्टीका सहसचिव द्वारिक मण्डलमाथी ढुंङ्गा प्रहार भएको जारि विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा भनिएको छ, “प्रहरी प्रशासनको उपस्थितिमा धारिलो हतियारसहित आक्रमण गर्नु र नेता कार्यकर्ताका मोटरसाइकल तोडफोड गरि क्षति पुर्‍याउनु अलोकतान्त्रिक, उदण्ड एवं मुर्खतापूर्ण व्यबहारको पराकाष्ठा हो ।”

उक्त घटनाको जनमता पार्टीले घोर भर्त्सना गर्दै घटना बारे छानबिन गरि दोषि वडा अध्यक्षलाई कारवाही तथा मोटरसाइकलको मर्मतसहित उचित क्षतिपूर्तीका लागि प्रशासनसँग माग गरिएको छ ।

जेष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं

- जेष्ठ नागरिकलाई दया होइन सम्मान गरौं,
- जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं,
- घर तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकमैत्री बातावरण निर्माण गरौं ।

सभ्यताको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit Quick & Easy, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*